मार्मा गाउँपालिका राजपत्र

खण्डः६ संख्याः ७ मितिः २०७९/०९/२०

भागः२

# मार्मा गाउँपालिकाको उर्जा विकास सम्बन्धी कार्यबिधि, २०७९

मार्मा गाउँपालिका

लटिनाथ, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्तावना ः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ खण्ड (ध) को बुंदा नं. ३ को कार्यान्वयन सहजीकरणका लागि मार्मा गाँउपालिकाबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमति पत्र जारी गर्ने उद्देश्यले यो निर्देशिका तयार गरी जारी गरिएको हो ।

## परिच्छेद १ प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि को नाम **"मार्मा गाँउपालिकाको ऊर्जा विकास सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिले तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधिले विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षणको अनुमतिपत्र तथा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमति पत्र जारी गर्ने वा संशोधन गर्ने वा नवीकरण गर्ने वा खारेज गर्ने काम कारवाहीलाई व्यवस्थित वनाउने छ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नियमावली"** भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

(ख) "जल बिद्युत" भन्नाले पानीबाट उत्पादन हुने बिद्युत शक्ति सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले मार्मा गाँउपालिकाको कायालर्य सम्झनु पदर्छ ।

(ङ.) "विभाग" भन्नाले बिद्युत विकास विभाग सम्झनु पर्छ ।

(च) "प्रबर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(छ) "कार्यबिधि" भन्नाले मार्मा गाँउपालिकाको ऊर्जा विकास कार्यविधि २०७९ सम्झनु पर्छ ।

(ज) "आधिकारिक व्यक्ति" भन्नाले प्रबर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिले तोकेको आधिकारिक व्यक्ति सम्झनुपर्दछ ।

(झ) “सर्वेक्षण” भन्नाले बिद्युत उत्पादन, प्रशारण तथा वितरणको लागि गरिने सर्भेक्षणको कार्य सम्झनु पर्दछ | र सो शब्दले सम्भाव्यता अध्ययन, बिस्तृत इन्जिनियरिंग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेतलाइ जनाउदछ |

(ञ) “विद्युतको उत्पादन प्रसारण वा वितरण” भन्नाले विद्युतको उत्पादन प्रसारण वा वितरणसंग सम्बन्धित संरचनाहरुको निर्माण, संचालन तथा मर्मत सम्भार सम्झनु पर्दछ |

(ट) “समिति” भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित उर्जा बिकाश तथा व्यवस्थापन समिति सम्झनु पर्दछ |

(ठ) “अनुमति पत्र” भन्नाले यस कार्यबिधि बमोजिम दिइने अनुमति पत्र सम्झनु पर्दछ |

(ड) “अध्यक्ष” भन्नाले मार्मा गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) “कार्यपालिका” भन्नाले मार्मा गाँउ कार्यपालिका सम्झनु पर्दछ ।

(ण) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले मार्मा गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद २

**(३) उर्जा बिकाश तथा व्यवस्थापन सम्बन्धि व्यवस्थाः** १.मार्मा गाउँ पालिका भित्र सर्वेक्षण तथा संचालन गरिने १०० किलोवाट क्षमता सम्मका जलबिद्युत आयोजनाहरु संचालन तथा व्यवस्थापन गर्न उर्जा बिकाश तथा व्यवस्थापन समिति गठन गरिने छ |

२. मार्मा गाउँपालिकाको उर्जा बिकाश तथा व्यवस्थापन समिति देहाय बमोजिम गठन हुने छ |

क.गाउँपालिका अध्यक्ष ............................................अध्यक्ष

ख.गाउँपालिका उपाध्यक्ष ....... ...............................सदश्य

ग.स्थानीय जलश्रोत अवस्थित वडाको वडा अध्यक्ष .................................सदश्य

घ.प्रमुख प्रशासकीय अधिकृत ...........................................................सदश्य

ङ .गाउँपालिकाले तोकेको इलेक्ट्रोनिक इन्जिनियर वा उर्जा बिशेषज्ञ १ जना .........सदश्य

च.पूर्वाधार बिकाश तथा वातावरण व्यवस्थापन शाखा प्रमुख ............................सदश्य

छ.योजना तथा अनुगमन शाखा प्रमुख ......................................................सदश्य

३. कार्यविधिको दफ़ा ३ को उपदफा २ बमोजिम गठन गरिएको समितिमा अन्य बिषय बिज्ञहरुलाई आमन्त्रित गर्न सकिने छ ।

**(४) १००० कि.वा.सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरण सर्वेक्षणको अनुमति पत्र सम्बन्धी व्यवस्थाः**

(१) कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रबर्द्धकले विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको कागजात तथा विवरणहरु सहित अनुसुची ३ मा तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(क) रु ५०(पचास) हजार प्रति वर्षका दरले एकमुष्ट रु. १ (एक) लाख अनुमतिपत्र दस्तुर बुझाएको भौचर ।

(ख) अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको विस्तृत वाँडफाँड (Detail Cost Breakdown)

(ग) सुरुको २ वर्षमा गर्ने अध्ययनका कार्य सहित अध्ययन सम्पन्न गर्ने कार्य तालिका ।

(घ) योजनाको हाईड्रोलोजिकल विश्लेषण खुल्ने गरी परामर्श दाता संस्थाबाट तयार पारेको अध्ययन प्रतिवेदन ।

(ड.) नापी विभागद्धारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखांकन गरिएको स्थलगत नक्सा ।

(च) संस्था दर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ.) उपदफा (३) र (४) बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात ,

(ज) प्रबर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन लगायतको विवरण ।

(२) जलविद्युत आयोजनाको जडित क्षमता निर्धारण गर्ने तरिकाः

(क) "अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रबर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स ( Probability of Excedence) र Q४०(क्यू फोर्टी) वा भबिष्यमा नेपाल सरकारले

तोकिए बमोजिमको मापदण्ड लाई नै सामान्यतया आधार बनाउने छ ।

(ख) प्रबर्द्धकले पेश गरेको हाईड्रोलोजिकल तथ्यांक कार्यालयमा उपलब्ध आधिकारिक तथ्याकसंग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।

(ग) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसुची १ मा निर्दिष्ट गरेको विधी अनुसार क्षमता निर्धारण गर्नेछ ।

(३) प्रबर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न पेश गर्नु पर्ने कागजातहरुः

(क) दर्तावाल (Registered) चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु. दश लाख बराबरको खुद सम्पत्ति रहेको विवरण ।

(ख) एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो कार्यालयले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता ।

(४) प्रबर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न पेश गर्नु पर्ने कागजातहरु

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

**(५) दरखास्त उपर कारवाही सम्वन्धि व्यवस्थाः**

(क) कार्यालयले रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिनेछ ।

(ख) कार्यालयमा परेको दर्खास्त उपदफा (१), (२), (३) र (४)बमोजिम चेक जाँच गर्दा उल्लिखित आवश्यक कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दर्खास्त उपर कारवाही अगाडि बढाउने छैन ।

(ग) प्रर्वदकको तर्फवाट पेस गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश भएको १५ (पन्ध्र) दिन भित्र अनुमतिपत्र प्रदान गरिनेछ ।

**(६) सर्वेक्षण अनुमतिपत्रको अवधिः**

(क) विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३ (तीन) वर्षको हुनेछ ।

(ख) प्रबर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन । शुरुको अवधिभित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्यादभित्रै प्रबर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दर्खास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

(ग) अनुमतिपत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त नपरेमा अनुमतिपत्र स्वतः रद्द हुनेछ । अनुमति पत्र नविकरण तथा म्याद थपको लागि विवरण पेश गर्ने ढाँचा अनुसूचीको फारम न. क बमोजिम हुनु पर्ने छ ।

**(७) सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्वन्धि व्यवस्था**

(क) नवीकरणको लागि अनुमतिपत्रको म्याद कायमै रहँदै रु ५०(पचास) हजार दस्तुर सहित **अनुसूची-१** बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

(ख) अनुमतिपत्रको लागि दरखास्त दिंदा यस निर्देशिकाको अनुसूचीको फारम न. ख बमोजिम भरिएको फारामहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।

(ग) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रबर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रबर्द्धकबाट थप पुष्टाई लिन वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।

(घ) आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरण गरिने छैन ।

**(८) प्रबर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।**

**(९) १००० कि.वा. सम्मको क्षमताका आयोजनाहरुको विद्युत् उत्पादन/प्रसारण/वितरण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः**

(१) कुनै विद्युत आयोजनाको निर्माण गर्न चाहने प्रबर्द्धकले विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्ने छ ।

(क) विद्युत् उत्पादनको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. २ (दुई) लाख अनुमतिपत्र दस्तुर बुझाएको भौचर ।

(ख) उपदफा ३ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी विवरण,

(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,

(घ) आवश्यकतानुसार स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन र आयोजनाको बिस्तृत परियोजना प्रतिबेदन (DPR).

(ड.) बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा कनेक्शन एग्रिमेन्ट,

(च) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुने क्षेत्र तथा ग्राहकको विवरण

छ) अन्य विवरणहरुः .

(१) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखांकन तथा Coordinate सहितको सक्कल टोपो नक्शा,

(२) निर्माण कार्यको विस्तृत तालिका,

(३) आयोजनाको सम्भाव्यता अध्ययन/विस्तृत इन्जिनियरिङ. डिजाइन र डिजाइन नक्साहरु (Design Drawings) तथा सोको विद्युतीय प्रति (Electrinic Copy),

(४) अद्यावधिक शेयर लगतको विवरण र सोको विद्युतीय प्रति (Electrinic Copy),

(२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिमका हुनेछन् ।

(क) आयोजनामा हुने स्वपूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी/विवरण,

(ख) पछिल्लो आ.व. को लेखा परीक्षण गरिएको वित्तीय विवरण Audited Financial Statement),

(ग) आयोजनाको स्वपूंजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शेयर होल्डरहरुको स्वयंपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात का साथै बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण।

घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी,

(ङ) आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता ।

(३) प्रबर्द्धक कम्पनीसंग सम्बन्धित कागजातहरु

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको अद्यावधिक शेयर लागत अभिलेख,

(घ) अघिल्ला दुई आ.व. मध्ये एक आ.व. को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, बैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत ।

(४) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै विद्युत् उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ । तर Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरिद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता Connection Agreement) भएको अवस्थामा संशोधित संभाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपश्चात् सोही क्षमताको लागि विद्युत् उत्पादनको अनुमतिपत्रको कारवाही अगाडि बढाइने छ । यस अबस्थामा आयोजनाको क्षमता १ मे.वा. भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कार्यवाहीको लागी विभागमा पठाईनेछ ।

(५) विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रबर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(६) प्रबर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन सकिनेछ ।

(७) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्नेछ । अनुमति पत्र प्राप्त भएको १ (एक) वर्षभित्र निर्माण शुरु नभएको पाइएमा उत्पादनको अनुमतिपत्र रद्ध गर्न सकिनेछ ।

(८) विद्युत उत्पादनको अनुमतिपत्रको अवधि ३० वर्ष रहनेछ । उक्त अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा नै नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(९) नियमअनुसार वुझाउनु पर्ने रोयल्टी स्थानीय सरकारलाइ वुझाउनु पर्नेछ ।

**(१०) आयोजना बैंकमा रहेका आयोजनाहरुको आयोजना बिकाश निर्माण गर्ने सम्बन्धी व्यवस्था :**

१. १ मे.वा. सम्मका देहायका आयोजनाहरु स्थानीय सरकारको आयोजना बैंकमा रहने छन |

- क। स्थानीय सरकारको आफ्नो खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्था वा बिदेशी सहयोगमा सम्भाब्यता अध्ययन भएका आयोजनाहरु |
- ख। जुनसुकै कारणले सर्भेक्षण अनुमति पत्र रद्ध भएका र उत्पादन अनुमतिका लागि दिएका दरखास्त रद्ध भएका आयोजनाहरु |
- ग। उत्पादन अनुमति पत्र रद्ध भएका आयोजनाहरु |
- घ। नेपाल सरकार (तिनै तहका सरकार) बाट वा नेपाल सरकारका लागि अन्य संस्थाहरुबाट अध्ययन भै रहेका आयोजना हरु |

२. आयोजना बैंकमा रहेका आयोजनाहरुको बिकाश गर्ने सम्बन्धि व्यवस्था

क. उप दफा १ बमोजिम आयोजना बैंकमा रहेका आयोजनाहरु प्रतिस्पर्धाको माध्यमबाट वा उर्जा बिकाश तथा व्यवस्थापन समितिको निर्णय बमोजिम वा अन्य विधिबाट पनि बिकाश निर्माण गर्न गराउन सक्ने छ | त्यसको लागि प्रबर्द्धकले अनुसुची ७ बमिजिम निबेदन पेश गर्नु पर्ने छ |

ख. उप दफा १ को खण्ड (क) र (ख) बमोजिमका आयोजनाको हकमा यस पालिकाको बिद्युत उत्पादन सर्भेक्षण अनुमतिको शुल्कमा दोब्बर शुल्क लिई बिद्युत उत्पादनको सर्भेक्षण गर्न सकिने छ |

ग. उपदफा १ को (ग) बमोजिमका योजनाहरुको हकमा यदि उक्त आयोजनाको IEE/EIA स्वीकृति भएको आयोजनाको Main Report (DPR) तयार रहेको अवस्था भए पालिकाको बिद्युत उत्पादनको अनुमति पत्रको शुल्कको दोब्बर शुल्क लिई बिद्युत उत्पादनको अनुमति पत्र प्रदान गर्न सकिने छ र यसरि अनुमति पत्र लिदा उक्त आयोजनाको Main Report (DPR), स्वीकृत IEE/EIA लगायतका आवश्यक कागजपत्रहरु प्रबर्द्धकलाई उपलब्ध गराउनु पर्ने छ |

घ. नेपाल सरकार अन्तर्गतका निकाय वा गाउँपालिकाले बिद्युत आयोजनाको अध्ययन गरि आयोजना बैंकमा रहेका आयोजनाको हकमा प्रति मेघा वाट रु. एक लाख वा अध्यन खर्चमा जुन बढी हुन आउँछ सो बराबर दस्तुर लिई सर्भेक्षण इजाजत दिने र अध्ययन प्रतिबेदनहरु प्रबर्द्धकलाई उपलब्ध गराउनु पर्ने छ

।

**(११) आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण**

(१) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताब गरी विभागमा कुनै दरखास्त परे नपरेको, वा केन्द्रिय स्तरमा कुनै आयोजना पहिचान भए नभएको एकिन गर्नका लागी कार्यालयले माग गरेको क्षेत्र खुलाई (Technical Clearance) का लागि सो सम्बन्धमा विभागको राय लिनुपर्ने छ । विभागले आयोजनाको (Technical Clearance) सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यालयले अनुमतिपत्र सम्बन्धी कारवाही अघि बढाउनेछ ।

(२) कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

(३) प्रारम्भीक वातावरणीय परीक्षण प्रतिबेदन तथा वातावरणीय परिक्षण प्रतिबेदन तैयारी तथा स्वीकृत गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विद्युत विकास विभागबाट आवश्यक प्राविधिक आवश्यक सहयोग सहयोग लिन सकिने छ ।

**(१२) अनुमति रद्ध हुने अवस्था**

स्थानीय सरकारले दिएको अनुमति बमोजिम काम नगरेमा, १ वर्ष भित्र निर्माण कार्य सुरु नगरेमा, बुझाउने पर्ने रोयल्टी नबुझाएमा, प्रचलित कानूनको उल्लंघन गरेमा अनुमति पत्र रद्ध गर्न सकिने छ ।

**(१३) खारेजी र बचाऊ**

एक मेगावाट सम्मको जलविधुत अनुमति पत्र उपलव्ध गराउने गरि स्थानीय तहबाट हाल सम्पादन भएका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

### कार्यविधिको दफा ७ संग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
मितिः..........................
मार्मा गाउँ कार्यपालिकाको कार्यालय,लटिनाथ दार्चुला

**बिषयः बिद्युत सर्भेक्षण अनुमति नबिकरण सम्बन्धमा ।**

उपरोक्त अनुमति पत्रको म्याद यहि मिति.......................मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य गर्नको लागि संलग्न तालिका सहित सो को म्याद ......................सम्म थप हुन तथा ........................को लागि आवश्यक दस्तुर र निर्दिष्ट बिवरण सहित दरखास्त गर्दछु ।

साथै म/हामी यो प्रतिबद्धता गर्दछु/गर्दछौ कि संलग्न फाराममा उल्लेखित भए अनुसारका सबै बिवरणहरु सत्य तथ्यमा आधारीर छन र संलग्न कार्य तालिका अनुसारका कार्यहरु आगामी बर्ष सम्पन्न गरिने छन यदि संलग्न बिवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्य तालिका अनुसार उल्लेखित प्रगति गर्न नसकेमा प्रचलित नियम कानुन तथा अनुमति पत्रको म्याद थप हुदाका समेत शर्तहरु अनुसार अनुमति पत्र रद्ध सम्मको कारवाही हुन् गएमा मेरो/हाम्रो कुनै गुनासो रहने छैन ।

निवेदक वा अख्तियार प्राप्त व्यक्तिको
हस्ताक्षर ............
नाम ....... कम्पनीको छाप

नोटः प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुन अनिवार्य छ ।
बिवरणहरु यहि ढाचामा सफा टाइप गरिएको हुनु पर्ने छ ।
जलबिध्युत सर्भेक्षण अनुमति पत्रको म्याद थप नबिकरणको दरखास्त साथ् पेश गर्नु पर्ने बिवरणहरु

# अनुसूची २

## बिषयः बिद्युत सर्भेक्षण अनुमति पत्र .

अनुमति पत्र नं.

अनुमति पत्र जारि मिति ...................

श्री .......................

महाशय

बिद्युत उत्पादन सर्भेक्षण अनुमति पाउन मिति ......................मार्मा गाउँपालिका समक्ष दिनु भएको दरखास्त अनुसार मार्मा गाउँपालिकाको उर्जा बिकाश सम्बन्धि कार्य बिधि २०७९ को दफा ३ बमोजिम गठित उर्जा बिकाश समितिको मिति........को निर्णय र कार्यविधिको दफा ६ अनुसार जल बिद्युत सर्भेक्षण सम्बन्धि यो अनुमति पत्र प्रदान गरिएको छ | प्रचलित कानुन बमोजिम कार्य संचालन गर्नु होला |

१. बिद्युत उत्पादन सर्भेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना .....................
२. उत्पादनको सर्भेक्षण गरिने विद्युतको किसिम..................................................................
३. जलाबिध्युत उत्पादनको लागि सर्भेक्षण गरिने जलश्रोत को नाम ..........................................
४. सर्भेक्षण गर्ने क्षेत्रको स्थायी ठेगाना .....................................................
   क)जिल्ला.....................ख)पालिका..............................
   ....ग)वडा नं.............................
   घ)
   स्थान............................ड.)पुर्ब ................पक्षिम.........
   .......उत्तर...................दक्षिण
५. सर्भेक्षणको प्रकृति............................................

६. अनुमति पत्र बहाल रहने अवधि....................मित...................देखि मिति................सम्म

७. अन्य शर्तहरु

अनुमति पत्र दिने अधिकारीको

दस्तखत

नाम .......

पद..............

मिति......................

**अनुसूची ३**

**कार्यविधिको दफा ४ र ९ संग सम्बन्धित)**

मितिः.....................

मार्मा गाउँ पालिका

गाउ कार्यपालिकाको कार्यालय, लटिनाथ दार्चुला

**बिषयः बिद्युत उत्पादन/प्रशारण/वितरणको अनुमति पत्रको दरखास्त**

बिद्युतको उत्पादन गर्न लागेकोले मार्मा गाउपालिकाको उर्जा बिकाश सम्बन्धि कार्यविधि बमोजिम देहायका बिवरणहरु खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. बिद्युतको उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना ............................

२. बिद्युत परोयोजनाको नामः...............................................................

३. बिद्युत उत्पादन हुने क्षमता..........................................................

४. बिद्युत शक्ति उत्पादन गर्ने साधन.................................................

५. जलश्रोतको उपयोग गरिने भएमा ..................................................

क)नदीको नामः............

ख)जलश्रोत उपयोग गरिने क्षेत्रको ठेगाना :- जिल्ला...................गाउँपालिका...........................

वडा
नं.........स्थान.............पुर्ब,...................पश्चिम...............उत्तर.....
.........दक्षिण .............
ग) प्रयोग गरिने जलश्रोतको परिणाम ......................................
६मुख्य मुख्य संरचनाहरुको बिवरण तथा रहने स्थान .........................
७ बिद्युत वितरणको भोल्टेज र परिमाण ....................................
८ कार्य सुरु गर्ने मिति...................................................
९ कार्य समाप्त गर्ने मिति.................................................
१० अन्य बिवरणहरु.............................................
माथि उल्लेखित व्यहोरा ठिक साचो हो झुटा ठहरे कानुन बमोजिम सहुला बुझाउला |
संगठित संस्था भए छाप दरखास्तावालाको

दस्तखत

नाम .......

पद...............

ठेगाना.....................

मिति.......................

**अनुसूची ४**

**कार्यविधिको दफा ९ संग सम्बन्धित**

**बिषयः बिद्युत उत्पादन अनुमति पत्र**

**दर्ता नं............**

**दर्ता मिति.....................**

**श्री ...............................**

बिद्युतको उत्पादनको लागि अनुमति पाउन मिति ..............................मा मार्मा गाउँपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको बिवरण खोली मार्मा गाउँपालिकाको उर्जा बिकाश सम्बन्धि कार्यविधि २०७९को दफा नौ बमोजिम गठित उर्जा बिकाश समितिको मिति.............................को निर्णय र कार्यविधिको दफा न ९ को उपदफा २ अनुसार जल बिद्युत उत्पादन सम्बन्धि यो अनुमति पत्र प्रदान गरिएको छ |

१। बिद्युत उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना ...................................

२। बिद्युत परीयोजनाको नामः..............................................

३। बिद्युत उत्पादन केन्द्रहरुको बिवरण (प्रत्येक केन्द्रको नाम)....................

क) जडित क्षमता............................(किलोवाट)

ख) अनुमानित बार्षिक उत्पादन (कोलोवाटमा) ..........................

ग) कमिसनिंग भएको मिति............................

घ) बिद्युत उत्पादनमा प्रयोग भएको साधन .............................

ड.) जलश्रोतको उपयोग भएको भए जलश्रोतको नाम (नदि,खोला).........................

च) जलश्रोत उपयोग गर्न पाइने क्षेत्र ....................................................................

अ) प्रदेश.....................

आ) जिल्ला........................

इ) गाउँपालिका.........................................

ई)

पुर्व,....................पश्चिम.......................उत्तर.............

....दक्षिण ................

छ) बिद्युत केन्द्र रहेको स्थान स्थायी ठेगाना ..................................................

ज) प्रयोग गरिने जलश्रोतको परिमाण(DISCHARGE)...................................

अनुमति पत्र दिने अधिकारीको

दस्तखत

नाम ........................................

पद..........................................

मिति................................

**अनुसूची ५**

**कार्यविधिको दफा ९ संग सम्बन्धित**

**बिषयः बिद्युत प्रशारण अनुमति पत्र**

**दर्ता नं............**

**दर्ता मिति.....................**

**श्री ...............................**

बिद्युतको प्रशारणको लागि अनुमति पाउन मिति .............................मा मार्मा गाउँपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको बिवरण खोली मार्मा गाउँपालिकाको उर्जा बिकाश सम्बन्धि कार्यविधि २०७९को दफा नं. ९ बमोजिम गठित उर्जा बिकाश समितिको मिति...........................को निर्णय र कार्यविधिको दफा नं. ९ को उपदफा २ अनुसार जल बिद्युत उत्पादन सम्बन्धि यो अनुमति पत्र प्रदान गरिएको छ |

१। बिद्युत प्रशारण गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना .............................

२। बिद्युत परीयोजनाको नामः...................................

३। बिद्युत उत्पादन केन्द्रहरुको प्रशारण गरिने क्षेत्र

क) प्रदेश...............................................

ख) जिल्ला...............................................

ग) गाउँपालिका..........................................

घ)पुर्ब................पश्चिम...................उत्तर.........................दक्षिण.....................

४। बिद्युत प्रशारणको बिवरण (प्रत्येक लाइनको)....................

क) नामः....................................

ख) भोल्टेजको स्तर.......................

ग) ताराको साइज..........................

घ) प्रशारण गर्न सक्ने क्षमता.............

ड.) सम्बन्धित सब स्टेसनहरुको भोल्टेज र जडित ट्रान्सफरमरको क्षमता..................

च) प्रशारण सुरु गरेको मिति ..............................

ज) प्रयोग गरिने जलश्रोतको परिमाण (DISCHARGE)........................

अनुमति पत्र दिने अधिकारीको

दस्तखत

नाम .......

पद...............

मिति.......................

**अनुसूची ६**

**कार्यविधिको दफा ९ संग सम्बन्धित**

**बिषयः बिद्युत वितरण अनुमति पत्र**

**दर्ता नं.............**

**दर्ता मिति......................**

**श्री ................................**

बिद्युतको वितरणको लागि अनुमति पाउन मिति .....................मा मार्मा गाउँपालिका समक्ष दिनु भएको दरखास्त अनुसार देहायको बिवरण खोली मार्मा गाउँपालिकाको उर्जा बिकाश सम्बन्धि कार्यविधि २०७९को दफा नौ बमोजिम गठित उर्जा बिकाश समितिको मिति............................को निर्णय र कार्यविधिको दफा नौ को उपदफा २ अनुसार जल बिद्युत वितरण सम्बन्धि यो अनुमति पत्र प्रदान गरिएको छ |

१। बिद्युत वितरण गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना .................................

२। बिद्युत परीयोजनाको नामः............................

३। बिद्युत वितरणको बिवरण

क)वितरण हुने क्षेत्रको स्थायी ठेगाना........................

ख)बिद्युत क्षमता................................................

ग) वितरणको भोल्टेज.........................................

४वितरण ट्रान्सफरमरहरुको कुल क्षमता........................

५.ग्राहकको संस्था

क) गार्हस्थ ख) औद्योगिक ग) व्यापारिक घ)............................

जम्मा

६ औसत बिक्रि दर ..............................

७ वितरण सुरु गरेको मिति ...................

८.अनुमति पत्र बहाल रहने अवधि ..............

९. अन्य शर्तहरु ............

अनुमति पत्र दिने अधिकारीको

दस्तखत

नाम .......

पद...............

मिति.......................

## अनुसूची ७

## कार्यविधिको दफा १० संग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु

मितिः......................

मार्मा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, लटिनाथ दार्चुला

**बिषयः बास्केटमा रहेका आयोजनाको बिद्युत उत्पादन/प्रशारण/वितरणको अनुमति पत्रको दरखास्त**

बिद्युतको उत्पादन गर्न लागेकोले मार्मा गाउँपालिकाको उर्जा बिकाश सम्बन्धि कार्यविधि बमोजिम देहायका बिवरणहरु खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. **बिद्‍युतको** उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना ............................
२. बिद्युत परियोजनाको नामः............................................................
३. बिद्युत उत्पादन हुने क्षमता.........................................................
४. बिद्युत शक्ति उत्पादन गर्ने साधन...................................................
५. जलश्रोतको उपयोग गरिने भएमा ...................................................

क)नदीको नामः............

ख)जलश्रोत उपयोग गरिने क्षेत्रको ठेगाना :- जिल्ला...................गाउँपालिका...........................

वडा नं........स्थान............पुर्ब,.................पश्चिम..............उत्तर............ .दक्षिण .............

ग) प्रयोग गरिने जलश्रोतको परिणाम .....................................

६मुख्य मुख्य संरचनाहरुको बिवरण तथा रहने स्थान .........................
७ बिद्युत वितरणको भोल्टेज र परिमाण ....................................
८ कार्य सुरु गर्ने मिति..................................................
९ कार्य समाप्त गर्ने मिति................................................
१० अन्य बिवरणहरु.............................................
माथि उल्लेखित व्यहोरा ठिक साचो हो झुटा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।
संगठित संस्था भए छाप दरखास्तावालाको

दस्तखत
नाम ........................
पद..........................
ठेगाना.....................
मिति.......................

जलविद्युत सर्भेक्षण अनुमतिपत्रको म्याद थप (नवीकरण)को दरखास्तका साथ पेश गर्नु पर्ने विवरणहरु

मिति:

फारम नं. क : आयोजना सम्बन्धी संक्षिप्त विवरण

| अनुमति पत्र संख्या | वि. वि. वि..................वि.उ.स.................. | विभागीय प्रयोजनको लागि |
|---|---|---|
| आयोजनाको नाम तथा क्षमता | | |
| खोलाको नाम | | |
| जिल्ला, गा.वि.स. एवं कोअर्डिनेट | | |
| प्रर्वद्धकको नाम तथा ठेगाना (पो.ब.नं., इमेल, टेलिफोन, र फ्याक्स भएमा सो समेत) | | |
| अनुमति पत्र जारी मिति | | |
| यस अघिको म्याद थप विवरण | (क) २०......./...../.....देखि २०......./...../.....सम्म (ख) २०...../...../......देखि २०......./...../.....सम्म (ग) २०...../...../......देखि२०..... | |

| | | |
|---|---|---|
| | ../...../.....सम्म<br><br>(वर्ष/महिना/गते) | |
| पछिल्लो पटक म्याद थप हुँदाका शर्त तथा निर्देशनहरु | | |
| हाल सम्म पेश भएका प्रतिवेदनहरु | | |
| विभागीय प्रयोजनको लागि मात्र: | | |

फारम नं. ख : हालसम्म सम्पन्न भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण

| कार्य तथा गतिविधि | हाल सम्मको प्रगति | | विभागीय प्रयोजनको लागि |
|---|---|---|---|
| | संक्षिप्त विवरण | सम्पन्न प्रतिशत | |
| Topographical Survey and mapping | | | |
| Hydrological Studies | | | |
| Sediment Sampling and Analysis | | | |
| Surface Geological Mapping (Including discontinuity surveys and rock mass<br><br>classification) | | | |
| Geotechnical Investigations (Test pits/adits;<br><br>refraction/resistivity surveys; drilling etc.) | | | |
| Construction Material Survey | | | |
| Seismological Studies | | | |
| Design and Optimization | | | |
| Project Evaluation | | | |
| विभागीय प्रयोजनको लागि मात्र: | | | |

द्रष्टव्य:

१. कार्य शुरु मात्र गरिएको वा शुरु नै नभएको अवस्थामा प्रतिशतको महलमा सोही बमोजिम जनाउने ।
२. माथि दिइएको स्थान यथेष्ट नभए यही ढाँचाको पाना थप गरी दुई पृष्ठमा नबढाइ विवरण दिन सकिने छ । फाराम ग देखि बसम्मको हकमा समेत सोही बमोजिम गर्न सकिनेछ ।

फारम नं. ग : वातावरणीय अध्ययन लगायत अन्य कार्यमा हालसम्म सम्पन्न प्रगतिको विवरण

| कार्यहरु | हाल सम्मका प्रगति<br>संक्षिप्त विवरण (मिति सहित) | विभागीय प्रयोजनको लागि |
|---|---|---|
| IEE/EIAका ToR | | |
| वातावरणीय अध्ययनको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन/सार्वजनिक सुनुवाई | | |
| IEE/ EIA Report | | |
| अन्य अध्ययन तथा कार्यहरु | | |
| विभागीय प्रयोजनको लागि मात्रः | | |

फारम नं. घः पछिल्लो वर्ष सम्पन्न भएका मुख्य कार्यहरुको विवरण

| कार्य | कार्य प्रगति<br>संक्षिप्त विवरण | विभागीय प्रयोजनको लागि |
|---|---|---|
| | | |
| पछिल्लो वर्ष पेश गरेका प्रतिवेदनहरु | | |
| विभागीय प्रयोजनको लागि मात्रः | | |
| | | |

फारम नं. ब : आगामी वर्ष गरिने कार्यहरुको कार्य तालिका

| कार्य | लक्ष्य | |
|---|---|---|
| | संक्षिप्त विवरण | उक्त अवधिको अन्तसम्म सम्पन्न हुने कूल प्रतिशत |
| | | |
| | | |
| गरिने आगामी वर्षपेश प्रतिवेदनहरु | | |
| विभागीय प्रयोजनको लागि मात्रः | | |

द्रष्टव्यःकार्य तालिका MS Project,Prima Veraवा त्यस्तै स्तरका Software बाट तयार गरी संलग्न गर्न सकिने छ। तथापि माथिको तालिका पूर्ण रुपमा भर्नु पर्नेछ।

आज्ञाले
राम कुमार राना
निमित्त प्रमुख प्रशासकीय अधिकृत